# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. वैधानिक सभा :

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०८/०५ गते वसेको संचालक समितिको १९५ औं वैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७४, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली वमोजिंम संस्थाको एघारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय वमोजिंमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** : २०७६ मंसिर २८ गते शनिबार (तदनुसार १४ डिसेम्बर २०१९ ई.सं.)

**समय** : विहान १०.३० बजे

**स्थान** :कायस्थ व्यान्क्वेट, बनेपा-५, काभ्रेपलाञ्चोक

## २. उपस्थिति

### क) संचालकहरुको उपस्थिति :

| क.सं. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | १७,१६८ |
| २ | श्री होम कान्त चौलागाईं | संचालक | संस्थापक समुह | २१,२३९ |
| ३ | श्री राम बाबु सिलवाल | संचालक | संस्थापक समुह | १४,२७४ |
| ४ | श्री रामचन्द्र वन्जाडे | संचालक | सर्वसाधारण समुह | १६,३३० |
| ५ | श्री भूपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | ७४१२ |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | सर्वसाधारण समुह | १५१६ |
| ७ | श्री विजया वस्नेत क्षेत्री | स्वतन्त्र संचालक | स्वतन्त्र समुह | - |
| | | | | |

### ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | प्रतिनिधित्व |
|---|---|---|
| १ | श्री कमल प्रसाद नेपाल | प्रतिनिधी, एनएमबी क्यापीटल लि. , नागपोखरी |
| २ | श्री सुरेन्द्र वाग्ले | नेपाल स्टक एक्सचेन्ज लिमिटेड |
| ३ | श्री उदय राज खतिवडा | पूर्व प्रमुख कार्यकारी अधिकृत, स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४. | श्री मनिप अधिकारी | प्रतिनिधी, एनएमबी क्यापीटल लि. , नागपोखरी |
| ५. | श्री उत्सब डांगी | प्रतिनिधी, डि उत्सव एण्ड एशोसियट्स (वाह्य लेखा परिक्षक) |

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

## ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

| क्र. सं. | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री समीर राज जोशी | नायव कार्यकारी प्रमुख | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री गोपाल राज विष्ट | सहायक प्रबन्धक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री मधुसुदन अधिकारी | सहायक प्रबन्धक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री मधुसुदन पन्त | वरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री सरोज पौडेल | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ७ | श्री श्रीराम रोक्का | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ८. | श्री राम प्रकाश शाह | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ९. | श्री समुन्द्र प्रसाद बराकोटी | कनिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| १०. | श्री राजु ठकुरी | कनिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ११. | श्री सुरेन्द्र अधिकारी | कनिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |

## ३. सभाको वैधानिकता :

### क) सभाको वारेमा सार्वजनिक सुचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिंम सभा हुने मिति , स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७६/०८/०७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७६/०८/०८ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०७६/०८/२१ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका महानुभावहरुलाई आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदनका साथ सभाको सुचना तथा प्रोक्सी फारमहरु यस संस्थाले सार्वजनीक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

### (ख) गणपुरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७६ मंसीर २१ सम्म कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | ९८ | १३,७४,५११.१४ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | ३,४८० | १३,२०,६१०.९९ | |
| | जम्मा | ३,३११ | २६,९५,१२२.१३ | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिंम आवश्यक गणपुरक संख्या ( कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय वमोजिंम रहेको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिंम बोलाईएको हुंदा पूर्वसुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या ( सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| २६,९५,१२२.१३ | ११,८७,६२० | ३,२९,४८५ | ७८ | १४९ | १५,१७,१०५ | ५६.२९ |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए वमोजिंम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

**साधारण प्रस्तावहरु**

१)संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने एघारौं वार्षिक प्रतिवेदन २०७५/७६ माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) आ.व २०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । ( श्री डि उत्सव एण्ड एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम २६.७५२०% बोनश शेयर वितरण गर्दा लाग्ने बोनस शेयरको कर प्रयोजनार्थ रु. ३७,९४,७३२.१७ नगद लाभांश रकम पारित गर्ने सम्बन्धमा ।

**विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको हाल कायम चुक्ता पूंजी रु. २६,९५,१२,२१३/- को आधारमा २६.७५२०% को दरले हुने रु. ७,२०,९९,९०७/- बोनस शेयर वितरण गर्ने प्रस्ताव सम्बन्धमा । यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्णअंक पुगेपछि दिने गरि छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूंजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने र सोही वमोजिंम प्रबन्धपत्र संशोधन गर्ने संम्बन्धमा ।

३) वित्तीय संस्थाको मिति २०७६/०४/११ गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव वमोजिंम संस्थाले गाभ्ने गाभिने वा प्राप्तिको निर्णय गरे पश्चात कायम हुन आउने चुक्ता पूजीको १:१ बराबरको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

४) अध्यक्षज्यू तथा सञ्चालकहरुको वैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च संशोधन गर्ने र सोही वमोजिंम नियमावली संशोधन गर्ने सम्बन्धमा ।

५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र ( Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग संम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने संम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिंमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने संम्बन्धमा ।

६) यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

७) विविध ।

## ५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन

५.१ स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान वमोजिंम लघुवित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी जनाउने शेयरधनीहरुको संख्या १६६ भएको र कूल १५,१७,१०५ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५६.२९ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानुन अनुसार तथा संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको कम्पनी सचिवले जानकारी गराए पछि विहान १०:३० वजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा तथा सम्पुर्ण संचालकज्यूहरुको उपस्थितिमा एघारौं साधारण सभा शुरु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

**६. एघारौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :**

एघारौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पुर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो । यस क्रममा आ.व. २०७५/७६ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७६/७७ को भावी योजना तथा अन्य कार्यक्रमहरुका वारेमा समेत संक्षेपमा प्रकाश पार्नु भयो ।

**७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

**७.१** शेयरधनी **श्री डमरु वल्लभ घिमिरे**ज्यूले आफ्नो मन्तव्य राख्दै बोनस लाभांश राम्रो दिनु भएकोमा सबैलाई धन्यवाद दिदैं संस्थाको प्रगति राम्रो रहेको वताउनु भयो । त्यसै गरी यस संस्थाले दिएको प्रतिफल राम्रो छ । पेज नं. ७ को प्रगति प्रतिवेदन राम्रो छ । नाफा कमाए पनि Over head लागत वढी छ , घटाउने प्रयास गर्नुहोला । पेज नं ४८ मा रहेको ने. रा. बैंकको कैफियत नआउने गरि काम गर्नु हुन सुझाव छ । विशेष साधारण सभाको योजना अनुसार प्रगति भएन खर्च मात्र भयो । यस सभामा शुभ समाचार आउला भन्ने थियो आउन सकेन । शेयर मुल्य माथि जान नसक्दा घाटा लाग्यो । बनेपामा साधारण सभा गर्ने भए आउन जानको लागि बसको व्यवस्था भईदिए राम्रो हुन्थ्यो । सकिन्छ भने काठमाण्डौमा नै सभा भई दिए राम्रो हुन्थ्यो । पेज नं ७ को सीट नं. ४ मा दशमलव सही ठाउंमा भएन । अध्यक्ष ज्यू पारदर्शी हुनुहुन्छ । लाभांश दर वृद्धिको लागि धन्यवाद साथै साधारण सभा चांडै गर्नु पर्‍यो भन्ने सुझाव दिनुभयो ।

**७.२** शेयरधनी श्री **उद्धव प्रसाद घिमिरे**ज्यूले मन्तव्य राख्दै प्रतिफल राम्रो दिन सक्नु भएकोमा सबैलाई धन्यवाद दिंदै मन्तव्य शुरु गर्नु भयो । प्रतिस्पर्धी समयमा संस्थाको कार्यक्रम ७७ वटै जिल्लामा सेवा विस्तार होस भन्ने शुभकामना दिनु भयो । प्रदेश अनुसारको शाखा राखि दिनु भएको भए अझ राम्रो हुन्थ्यो । वासलात विवरण छिटो प्रकाशन गर्नु पर्‍यो । कर्मचारी खर्च तथा अन्य संचालन खर्चलाई मितव्ययी बनाउनु पर्‍यो । मर्जर तथा प्राप्तिको लागि अगाडि बढ्नु पर्‍यो । Reserve तथा Surplus पनि वढाउनु पर्‍यो (८० प्रतिशत पुर्‍याउनु पर्‍यो) । वित्तीय सूचकांक राम्रो छ । Right man in Right Place , Right decision in Right Time हुनु पर्‍यो । Corporate Governance राम्रो छ र CSR मा के के गर्नु भयो ? भनि मन्तव्य राख्नु भयो ।

**७.३** शेयरधनी श्री **शिव प्रसाद पौडेल**ज्यूले मन्तव्य राख्दै बोनस लाभांश तथा समयमा नै साधारण सभा गर्नु भएकोमा धन्यवाद दिनु भयो । बोनश शेयर चांडै लिस्टिङ्ग गर्नुहोस भनि सुझाव दिनु भयो । प्रतिवेदन २,४ दिन अगाडि नै व्यवस्था गर्नु पर्‍यो । SMS Alert गरि साधारण सभाको जानकारी

गराउनु पर्‍यो । मर्जर तथा प्राप्तिको काम छिटो गरि हकप्रदको काम छिटो अगाडि वढाई दिनुहोला । खराब सदस्यबाट जोगिनुहोला । संचालन खर्च वढी भयो । संभावित नोक्सानी वढेको छ ध्यान पुर्‍याउनुहोला । प्रविधितर्फ ध्यान दिनुहोला । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बनेपामा बाल्टीन राख्ने व्यवस्था गर्न सुझाव दिनु भयो ।

७.४ शेयरधनी श्री **लवराज जोशीज्यूले** प्रतिफलको लागि धन्यवाद दिदैं अरु संस्थाभन्दा राम्रो निती ल्याई अगाडि वढ्न अनुरोध गर्नु भयो । Balance sheet एक हप्ता अगाडि पठाउने व्यवस्था गर्नु पर्‍यो । अर्को वर्ष दशैं अगाडि नै साधारण सभा गर्नु पर्‍यो भन्ने सल्लाह दिनुभयो । कर्मचारीले नचिनेर हो कि किन हो आत्मिय व्यवहार देखाउन नसकेको गुनासो गर्नु भयो । संस्थाले अन्य लघुवित्तको वारेमा अध्ययन गरेर अगाडि वढ्नु पर्‍यो भन्ने सल्लाह दिनु भयो ।

## ८. सभामा शेयरधनी हरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :

यसरी ४ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा भाग लिनु भयो तथा आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । यसरी छलफलमा भाग लिनु भएका शेयरधनीहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि वढाउने वताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर वुंदागत रुपमा जवाफ दिनु भयो ।

## ९. सभाका निर्णयहरु :

**साधारण प्रस्तावहरु**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन सभाबाट पारीत गरियो ।

२. यस वित्तीय संस्थाको लेखा परीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसुचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो माथि छलफल गरी पारीत गरियो ।

३. आ.व. २०७६/७७ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा श्री डि. उत्सव एण्ड एशोसियट्स, चार्टड एकाउण्टेन्टस, काठमाण्डौ, नेपाल लाई वाह्य लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पुर्ण कार्य (वार्षिक लेखा परीक्षण , कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि संम्पुर्ण कर सहित रु. १,४३,६७९/- (अक्षरुपी ,एक लाख त्रिचालिस हजार छ सय उनासी मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय सभाबाट गरियो ।

४. यस वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७५/७६ को मुनाफा बाट चुक्ता पूंजीको १.४१% का दरले हुने रु. रु. ३७,९४,७३२.१७ (अक्षरुपी, सैंतिस लाख चौरानब्बे हजार सात सय वत्तिस रुपैंया सत्र पैसा मात्र) नगद लाभांश (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) दिने प्रस्ताव सभाबाट पारीत गरियो ।

**विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७५/७६ को मुनाफा, अन्य जगेडा कोष तथा शेयर प्रिमियमबाट चुक्ता पूंजीको आधारमा २६.७५२०% को दरले हुन आउने रु. ७,२०,९९,९०७/- ( अक्षरुपी, सात करोड वीस लाख उनान्सय हजार नौ सय सात रुपैंया मात्र) बराबरको बोनश शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरि छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूंजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट पारीत गरीयो ।

२. यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि संम्बन्धी प्रस्ताव सभामा प्रस्तुत गर्दा यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को "क", "ख" र "ग" अनुसार अधिकृत पूंजी १,००,००,००,००० /- (अक्षरुपी, एक अरब रुपैया मात्र), जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि (प्रस्तावित २६.७५२० प्रतिशत वोनस जारी) पछि रु. ३४,१६,१२,१२०/- (अक्षरुपी, चौंतिस करोड सोन्ह लाख वान्ह हजार एक सय वीस मात्र) हुने निर्णय सभाबाट गरियो ।

३. वित्तीय संस्थाको मिति २०७६/०४/११ गते सम्पन्न विशेष साधारण सभाबाट पारित प्रस्ताव वमोजिंम संस्थाले गाभ्ने गाभिने वा प्राप्तिको निर्णय गरे पश्चात कायम हुन आउने चुक्ता पूंजीको १:१ बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस सभाबाट समेत पुनः अनुमोदन गर्ने निर्णय गरियो ।

४. अध्यक्षज्यू तथा सञ्चालकहरुको वैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च संशोधन गर्ने र सोही वमोजिंम नियमावली संशोधन गर्ने प्रस्ताव पारीत गरियो ।

५.यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र ( Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग संम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने संम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिंमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा गरे वमोजिंम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

SWARDIGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
Banepa, 2009

६. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा निय
मावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

७. विविध अन्तर्गत अन्य विषयहरु नरहेको हुंदा अध्यक्षज्यूबाट धन्यवाद सहित छलफलका सूचिहरु सकिएको जानकारी गराउनु भयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुंदै साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।